# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्भनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १८५ | बुटवल | २०८३ असार २६ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday July 10, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## सुकुम्वासीको सम्मान गर्न सरकारलाई निर्देशन



बुटवल। मानवअधिकार आयोगले सुकुम्वासीको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर्न सरकारलाई निर्देशन गरेको छ।

बिहीबार आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले प्रेस विज्ञप्ति जारी गरेर सुकुम्वासीहरूको मानवअधिकार अवस्था जोखिममा पर्ने कार्य नगर्न सरकारलाई निर्देशन दिइएको जनाएका छन्।

विज्ञप्तिमा सरकारले बैशाख १२ गतेदेखि काठमाडौंका विभिन्न स्थानमा बसोबास गरिरहेका सुकुम्वासीका घरटहरा हटाएर होल्डिङ सेन्टरमा राखेको र अहिले त्यहाँबाट पनि हटाउने तयारी गरेको विषयमा आयोगको गम्भीर ध्यानाकर्षण भएको उल्लेख छ।

बस्तीबाट हटाएको मितिदेखि सुकुम्वासीको अवस्थाबारे आयोगले अनुगमन गरिरहेको पनि भनेको छ।

पछिल्लो अनुगमनबाट सूचना टाँस गरी ५ दिनभित्र होल्डिङ सेन्टर खाली गर्न लगाएको, सो अवधि व्यतित भएपछि पुनः थप ७ दिनको समयावधि तोकिएको लगायतका तथ्य पाइएको विज्ञप्तिमा उल्लेख छ।

'राज्यका कार्यकारी निकायहरूबाट बिना विकल्प होल्डिङ सेन्टरबाट हट्न अल्टिमेटम दिने, सेन्टरबाट हटाउने, खानाको पर्याप्त प्रबन्ध नगर्ने, विशेषतः उनीहरूका आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक अधिकारप्रति सरकारका निकायहरूबाट अभिभावकत्व ग्रहण नगर्नेलगायतका अवस्था देखिएका छन्।'- विज्ञप्तिमा भनिएको छ।

जसले सुकुम्वासीहरूको आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा २ र ५, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५-१, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ११, बालअधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २७ लगायतका व्यवस्थामा गम्भीर संकट उत्पन्न भएको आयोगले ठहर गरेको छ।

वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुम्वासी व्यवस्थापन गर्ने सन्दर्भमा आयोगले २०६६ देखि २०८३ बैशाख २५ सम्म सात पटक सरकारका निकायमा पत्राचार गरेको विषय पनि विज्ञप्तिमार्फत् स्मरण गराएको छ।

'अतः सुकुम्वासीहरूको कुनै पनि मानवअधिकार अवस्था जोखिममा पर्ने कार्य नगर्न र उनीहरूको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ।'- आयोगले भनेको छ।

## नगर प्रहरीले ह्वील लक गरेपछि युवाद्वारा आत्मदाह प्रयास



बुटवल। काठमाडौं त्रिपुरेश्वरमा मुगुका २५ वर्षीय गणेश नेपालीले आत्मदाह प्रयास गरेका छन्। राहदानी विभागको ३ नम्बर गेटमा उनले आफ्नो मोटरसाइकल पार्किङ् गरेका थिए। काठमाडौं महानगरपालिको नगरप्रहरीले जथाभावी पार्किङ् गरेको भनेर उनको मोटरसाइकलको टायरमा ह्वील लक लगाइदिएको थियो। लगत्तै उनले आफ्नै मोटरसाइकलको पेट्रोल निकालेर शरीरमा आगो लगाएका हुन्।

काठमाडौंका प्रहरी प्रवक्ता एसपी पवनकुमार भट्टराईले आत्मदाह प्रयासको अन्य कारणबारे अनुसन्धान भइरहेको बताए। वीर अस्पतालमा उपचाररत उनको शरीर ६५ प्रतिशत जलेको बताइएको छ। उनको स्वास्थ्य अवस्था खतरामा रहेको प्रत्यक्षदर्शीले बताए।

# एमालेको नेतृत्व परिवर्तनको पक्षमा झण्डै ९० प्रतिशत मत

**देशभर र विदेशका १४ देशमा भएको 'स्याम्पल गुगल सर्भे' अनुसार वर्तमान नेतृत्व र कार्यशैलीप्रति कार्यकर्तामा तीव्र असन्तुष्टि देखिएको छ।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

नेकपा (एमाले) भित्र नीति, नेतृत्व र संगठनात्मक संरचनामा आमूल परिवर्तनको पक्षमा नेता कार्यकर्ता रहेको एउटा मतसर्वेक्षणले देखाएको छ। जसमा अहिलेको नेतृत्वप्रति नेता कार्यकर्तामा तीव्र असन्तुष्टि र नेतृत्व रूपान्तरणको हुटहुटी रहेको देखाएको छ।

'नेकपा (एमाले) रूपान्तरण र पुनर्संरचनाका लागि पुनर्जागरण अभियान २०८२' ले सार्वजनिक गरेको सर्वेक्षण नतिजाअनुसार ९१.४ प्रतिशत सहभागीले एमाले हालकै अवस्थामा अगाडि बढ्न नसक्ने र यसमा व्यापक रूपान्तरण जरुरी रहेको बताएका छन्।

अभियानले देशभर र विदेशका १४ देशमा गरेको 'स्याम्पल गुगल सर्भे' को रिपोर्ट पार्टी समीक्षा तथा पुनर्गठन कार्यदलका सदस्य सचिव महासचिव शंकर पोखरेललाई बुझाइएको छ। सर्वेक्षणमा सहभागीमध्ये ९५.४ प्रतिशतले वर्तमान पार्टी नेतृत्वको व्यवहार र आचरणमा सुधार आउनुपर्ने धारणा राखेका छन्। त्यस्तै, नेतृत्वको कार्यशैलीप्रति ९४.९ प्रतिशतले असन्तुष्टि जनाउँदै सुधारको माग गरेका छन्। पार्टीको हालको नीति परिमार्जन हुनुपर्ने पक्षमा ८७.५ प्रतिशत र नेतृत्व नै परिवर्तन हुनुपर्ने पक्षमा ८७.६ प्रतिशत सहभागी उभिएका छन्।

पार्टीको आन्तरिक लोकतन्त्र सुदृढ गर्न सहभागीहरूले निर्वाचन प्रणालीमा परिवर्तनको माग गरेका छन्। नेतृत्व चयन प्रक्रियामा सबै संगठित सदस्यहरूले मतदान गर्न पाउनुपर्ने पक्षमा ८२.९ प्रतिशत र उम्मेदवार चयनमा पनि सोही व्यवस्था हुनुपर्ने पक्षमा ८८.१ प्रतिशत मत देखिएको छ। विशेष गरी, एउटै पदमा बढीमा २ पटक मात्र जिम्मेवारी पाउने गरी कार्यकालको सीमा तोकिनुपर्ने प्रस्तावलाई ८२.८ प्रतिशतले समर्थन गरेका छन्। यसैगरी, हरेक तहको कमिटीमा कम्तीमा ४० प्रतिशत नयाँ व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने माग ८६.३ प्रतिशतको छ।

पार्टीलाई गतिशील बनाउन क्षमतावान् र युवा पुस्तालाई सबै कमिटीहरूमा सामेल गराउनुपर्ने पक्षमा ९१.१ प्रतिशत सहभागीले सहमति जनाएका छन्।

पार्टी पुनर्संरचनाको निकास कहाँबाट खोज्ने भन्ने प्रश्नमा ४७.७ प्रतिशतले 'विशेष महाधिवेशन' लाई उत्तम विकल्प मानेका छन्। २५ प्रतिशतले अर्ली महाधिवेशन र २४.४ प्रतिशतले केन्द्रीय कमिटीबाटै समाधान खोज्नुपर्ने बताएका छन्।

नेतृत्व हस्तान्तरणका सम्बन्धमा ५०.२ प्रतिशत सहभागीले केन्द्रीय कमिटीभन्दा बाहिर रहेका नेताहरूलाई नेतृत्व सुम्पिनु उपयुक्त हुने धारणा राखेका छन्। वर्तमान पदाधिकारीभित्रै नेतृत्व हस्तान्तरण हुनुपर्ने पक्षमा जम्मा १६.७ प्रतिशत मात्रै देखिएका छन्।

सर्वेक्षणमा सहभागीमध्ये ७२.२ प्रतिशत एमालेका संगठित सदस्य छन् भने १५.९ प्रतिशत समर्थक/शुभेच्छुक र १० प्रतिशत स्वतन्त्र नागरिक छन्। सहभागीमध्ये ९४.९ प्रतिशत पुरुष र बाँकी महिला तथा अन्य रहेका छन्।

## मानवअधिकार आयोगको प्रतिवेदन सच्याउन ओलीको निवेदन

बुटवल। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय मानवअधिकार आयोगमा भदौ २३ र २४ गतेका घटनासम्बन्धी आयोगको प्रतिवेदन सच्याउन माग गर्दै निवेदन दर्ता गरेको छन्। ओलीको तर्फबाट केन्द्रीय सदस्य महेश बर्तौंलाले आयोगका अध्यक्ष तपबहादुर मगरलाई भेटेर निवेदन बुझाएका हुन्। भदौ घटनासम्बन्धी आयोगको निर्णय नं. १७७ सच्याउन माग गर्दै निवेदन दर्ता गरेको नेता बर्तौंलाले बताए।

आयोगले भदौमा घटनामा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्वगृहमन्त्री रमेश लेखक र पूर्वसञ्चारमन्त्री पृथ्वी सुब्बा गुरुङले मानवअधिकार उल्लङ्घन गरेको ठहर गर्दै कारबाहीको सिफारिस गरेको थियो। निवेदनमा आयोगको उक्त निर्णय नेपालको संविधान, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकारका स्थापित मान्यता र सिद्धान्तसँग मेल नखाने, पूर्वाग्रहपूर्ण र असंवैधानिक रहेको दाबी गर्दै त्यसलाई पुनरावलोकन गरी सच्याउन आग्रह गरिएको छ।

यसअघि आयोगसँग माग गरिएका कागजात तथा प्रतिवेदनका प्रतिलिपि पूर्ण रूपमा उपलब्ध नगराइएको भन्दै थप कागजात उपलब्ध गराउन पनि निवेदनमार्फत् माग गरिएको छ। निवेदनमा लिली थापाको नेतृत्वमा गठित समितिले आयोगसमक्ष पेस गरेको भनिएको प्रतिवेदनको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन, उक्त प्रतिवेदनका कुन-कुन अंश आयोगले स्वीकार गरेको, कुन अंश हटाएको वा थप गरेको तथा त्यसका आधार र कारण खुल्ने सम्पूर्ण कागजातहरूको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन माग गरिएको निवेदनमा उल्लेख छ। साथै आयोगबाट थप कुनै छानबिन, अनुसन्धान वा अध्ययन भएको भए त्यससँग सम्बन्धित प्रतिवेदन तथा कागजातहरूको प्रमाणित प्रतिलिपि पनि उपलब्ध गराउन समेत माग गरेको छ।

# संविधान संशोधन प्राथमिकता तोकेर मात्र : गगन



बुटवल। नेपाली कांग्रेसका सभापति गगन थापाले संविधान संशोधन गर्दा प्राथमिकता निर्धारण गरेर मात्रै अघि बढ्नुपर्ने बताएका छन्।

बिहीबार 'संविधान संशोधनमा नेपाली कांग्रेसको दृष्टिकोण' विषयक कार्यक्रममा बोल्दै सभापति थापाले सबै विषय एकैचोटि संशोधन गर्न खोज्दा देश समस्यामा पर्नसक्ने बताएका हुन्।

'एकैपटक सबै विषयमा संविधान संशोधन गरौं भन्ने कुराले आठौं वर्ष, १०औं वर्ष लगाएर बल्ल सम्हालेका यी कुराहरूबाट फेरि एक पटक नेपाल ठूलो आगोको भुंग्रोमा पर्नसक्दछ भन्ने नेपाली कांग्रेस पार्टीको चिन्ता हो।'- सभापति थापाले भने।

त्यसका लागि उनले भारतीय संविधानका निर्माता भीम राव अम्बेडकरको 'ग्रामर अफ एनार्की'को धारण पनि स्मरण गराए। उनले अगाडि भने- 'प्राथमिकता निर्धारण नगरेर हामी गऱ्यौं भने यसले पूरै खुला गरिदिन्छ। एनार्कीका लागि जसले जे संशोधन गरे पनि हुन्छ, हाम्रो संविधान बनाउने बेलामा राष्ट्रियता, जनताको अधिकारका विषयबाहेक सबै विषयमा संशोधन गर्न सकिन्छ भन्नुको अर्थ जे पनि हो साथी हो भन्ठान्यौं भने त्यो संविधान सभामा संविधान कसरी बन्यो भन्ने ज्ञान चेतको अभाव हुन्छ।'

आफूले यो कुरा सरकारलाई सम्झाउन कोसिस गरिरहेको सभापति थापाले बताए। 'हामीले यो कुरामा सरकारलाई अप्ठेरो पार्न खोजेका छैनौं, हामी मिलेरै जान चाहन्छौं,' उनले भने-'संविधान संशोधनमा किन मिलेर जान चाहन्छौं भने, हामी के ठान्दछौं भने- नेपालको संविधान निर्माणको मूल नेतृत्वकर्ता हामी हौं।'

संविधानका सन्दर्भमा कांग्रेसको सबैभन्दा ठूलो जिम्मेवारी रहेको आफूले ठानिरहेको उनले बताए। उनले भने-'हामीले उत्तेजनामा आएर पनि केही कुरा गरेर हुँदैन, पूर्वाग्रह राखेर पनि केही कुरा गर्न हुँदैन। यो कुरामा सरकारसँग हामीले मिलेरै काम गर्ने हो।'

सरकार बरालिँदा सम्हालेर ठिक ठाउँमा ल्याउने भूमिका पनि आफूले खेल्ने उनले दाबी गरे। संविधानका मूलभूत विषयमा कांग्रेसले कुनै पनि सम्झौता नगर्ने पनि सभापति थापाले बताए।

'संविधानको आधारभूत विषय लोकतन्त्र, गणतन्त्र, संघीयता, संसदीय शासन प्रणाली, बहु जातीयता, बहु धार्मिकता, बहुसांस्कृतिक विशेषता, समावेशी-समानुपातिक प्रतिनिधित्वका विषयमा नेपाली कांग्रेस पार्टीले कुनै पनि सम्झौता गर्दैन,' उनले भने-'यो कुरा हाम्रो प्रतीज्ञापत्र र विधानमा व्यवस्था गरिसकेका छौं।'

यसैगरी, बहुदलिय संसदीय व्यवस्था, शक्तिको पृथकीकरण, स्वतन्त्र न्यायपालिका, अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, विधिको शासन, खुला समाज र मानवअधिकारमा पनि कांग्रेसले सम्झौता नगर्ने उनले बताए। 'यी संविधानका आधारभूत स्तम्भ हुन्, यसलाई व्यापक बनाउन सकिन्छ, विस्तार गर्न सकिन्छ। यसलाई संकुचित बनाउने कुरा नेपाली कांग्रेसका लागि स्वीकार्य हुँदैन।'- सभापति थापाले भने। संविधान संशोधनका विषयमा सुरुदेखि नै कांग्रेसले दुई वटा प्रस्ताव राख्दैआएको उनले जनाए। 'हामीले के भनेका छौँ भने संविधान संशोधनका विषयमा सर्वोच्च अदालतका बहालवाला वा अवकाशप्राप्त न्यायाधीश, विज्ञहरू सम्मिलित भएको एउटा समिति बनाएर प्रारम्भ गर्नसक्छौं। वा अहिले हामी संसद्मा छौं, संसद् छ। संसद्भित्रैबाट पनि समिति बनाएर जान सक्दछौं।'- सभापति थापाले भने।

यी दुई वटा विकल्पले मात्रै संविधान संशोधनको गम्भीरतालाई प्रष्ट बनाउने उनले दाबी गरे। प्रक्रियागत रूपमा पनि संविधान संशोधनका प्राथमिकता निर्धारण हुनुपर्ने कांग्रेसको धारणा रहेको उनले बताए। पहिलो चरणमा संविधानले नै १० वर्षमा पुनरावलोकन गर्नुपर्ने कुरा औंल्याएका विषयमा संशोधन हुनुपर्ने उनले बताए।

» *बाँकी ३ पेजमा*




# सम्पादकीय

## नियुक्तिमा खेलाँची

अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको दुई तिहाई नजिकको बलियो सरकार छ। बलियो जनमत भएको सरकारले जनआकांक्षा पूरा गर्न पहिले भएका कमजोरी सच्चाउँदै काम गर्नेछन् भन्ने आम अपेक्षा थियो । दलीय दलदलले समस्यामा परेको राज्य संयन्त्र अब त्यो दलदलबाट मुक्त हुँदै केही नयाँ गर्नेछन्, ती कामले लोकतान्त्रिक प्रणालीको बलियो जग बसाल्ने अपेक्षा थियो । लोकतन्त्रको बलियो जग बसाल्ने अपेक्षाविपरीत लोकतन्त्रको जग हल्लाउने खालका गतिविधि भइरहेका छन् । विभिन्न प्रतिष्ठान र संस्थामा नियुक्त पदाधिकारी हेर्दा 'हाम्रा जति राम्रा' नीति अघि सारेर यिनीहरु पनि उस्तै हुन् भन्ने सन्देश दिइएको छ। नियुक्तिमा अहिले सरकारको चाल र ढाल हेर्दा नागरिकको आशा र विश्वासमा कुठाराघात भएको छ।

प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार बेनका दिदी र दाइलाई नियुक्त गरेर नातावादलाई स्थापित गरिएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिको सदस्यमा नियुक्त ललितपुर महानगरपालिका-१० की ५२ वर्षीया सिद्धिलक्ष्मी व्यञ्जनकार सल्लाहकार बेनकि दिदी हुन् । बेनकै दाइ शिक्षामन्त्री सस्मित पोखरेलका प्रमुख सल्लाहकार नियुक्त भएका छन् । विवेकशिल साझा पार्टीका पूर्व नेता किशोर थापालाई त्रिवि सेवा आयोगको अध्यक्षमा नियुक्त गरिएको छ । विश्वविद्यालयलाई राजनैतिक हस्तक्षेपबाट मुक्त गर्ने भनिए पनि व्यवहारमा कार्यान्वयन हुन सकेन् । विभिन्न निकायमा नियुक्तिका लागि ६५ वर्षको समयसीमा तोकिएको छ, तर थापाको उमेर ६८ वर्ष भयो । यो हिसाबले कुनै पनि दृष्टिले उनको नियुक्तिलाई ठिक भन्न सकिंदैन ।

बालेन्द्र शाह नेतृत्वको रास्वपा सरकारले ल्याएको 'सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीको १२ नम्बर बुँदामा 'सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने । यस उद्देश्यका लागि निजामती कर्मचारी, शिक्षक, प्राध्यापक तथा सबै राष्ट्रसेवकले कुनै पनि दल, समूह वा स्वार्थ केन्द्रसँगको प्रत्यक्ष वा अप्रत्यक्ष आबद्धताबाट मुक्त भई कार्यसम्पादन गर्न अनिवार्य गर्ने र उल्लङ्घन भएमा प्रचलित कानुनबमोजिम कडाइका साथ विभागीय कारबाही गर्ने' लेखिएको छ । तर, सेवा आयोगका अध्यक्ष थापाकै नियुक्तिमा पनि सरकारले आफ्नै प्रतिबद्धता पालना गरेको देखिँदैन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को ७-१२ असारमा चितवनमा सम्पन्न प्रथम महाधिवेशनले पार्टीको विधान संशोधन गर्दै परिवारवाद र नातावाद पूर्णरूपमा निषेध गर्ने निर्णय पारित गऱ्यो । धेरैले प्रशंसा गरेको यो निर्णय व्यवहारमा कार्यान्वयन भएन् । त्रिभुवन विश्वविद्यालयदेखि विभिन्न विश्वविद्यालयमा अहिले भएको नियुक्तिमा औपचारिकताका लागि प्रस्तुतिलगायतका विषय गरिएको भए पनि अन्ततः चुनावमा रास्वपालाई सहयोग गर्नेले नै प्राथमिकता भएका छन् ।

सेवा निवृत्त हुने बित्तिकै संवैधानिक निकायमा नियुक्त हुने प्रवृत्ति अन्त्य हुनुपर्ने बारेमा बहस चल्दै आएको छ। कर्मचारीमा कुलिङ पिरियड लागु गर्नुपर्ने माग हुँदै आएको छ। तर यो जायज मागलाई पूरा गर्ने अवसर सरकारले गुमाएको छ। सर्वोच्च अदालतका रजिष्टार मानबहादुर कार्की निर्वाचन आयोगको प्रमुख आयुक्तमा नियुक्त भए । सरकारका सय दिनले कतिपय सुशासनका एजेण्डामा राम्रै संकेत गरेको भए पनि समग्र प्रणालीलाई लयमा हिडाउन विधिमा टेक्ने मामलामा सरकार चुकेको छ। विधिमा टेकेर थिति बसाल्ने अवसरबाट चुकेर सरकार थला पर्न थाल्नु बलियो जनमतप्रतिको बेवास्ता हो ।

आशा जगाउनु र ती आशालाई पूरा गर्ने इमान्दार प्रयास गर्ने अवसर सरकारसँग छ । अझै कमजोरी सुधार गर्ने मौका छ । बलियो सरकारले काम खेलाँचीमा हुनुहुँदैन् । जनआकांक्षा पूरा गर्ने स्वर्णीम अवसर जो कोहीलाई सधैँ आउँदैन ।

# घरती संस्कृत भाषा र सनातनी हिन्दु धर्म त भाटिने भयो त !



झपेन्द्र जिसी

**विषय प्रवेश**

एक दिन बाबुराम थापाको घर पसल अगाडि आँपको रूखमुनि बसिरहेका थियौं ।

असार महिनाको बेला आँपको रूखमुनि बस्नुको उद्देश्य शीतलमा बसेर गफ चुट्नु र आँप दाना खस्दा जसले हतपत दौडिएर आँप दाना छोपेर चुस्नु पनि थियो ।

आफू त बरै ! प्यारलाइसिसले प्यार गरेको हुँदा खर्लाखुट्टी ठ्याक ! तर साथीहरूको दयामायाले गर्दा आँपदाना प्राप्त गर्नेमा म पनि कम थिइनँ ।

त्यही बेला ब्राह्मण पुरोहित जस्तो दाइले भन्नु भयो

होइन सर तपाईं जस्तो विद्वानले वर्णव्यवस्था र जनै संस्कार लुम्बिनी पत्रिकामा लेख्नु भएछ ! तपाईंले नलेखेको भए जाती हुन्थ्यो । वास्तवमा यी शुद्र भनेका त क्षुद्र नै हुन् यिनलेत बाहुनाको टाउकामा टेकिसके ! आजकाल त यिनीहरुले बाहुनाका थरः पौडेल , खनाल, गैरे, बश्याल, कोइराला आदि आदि लेख्न थाले ! राज्यबाट भत्ता खाने यिनै ले !

के भो त ! जसका पुर्खा गैरामा बसोबास गरे, डाँडा वरिपरि र डाँडामाथि बसोबास गर्ने नरनारीले गैरे भन्न थाले ।

भुटुक रूख नजिकै बसोबास गर्नेलाई भुटुके, ठूलो घरनेर बसोबास गर्नेलाई घरती क्रमशः घर्ती, घर्तीलाई कमारबनाइयो, भनियो म पनि घरती हुँ आजकाल त घर्ती भन्छन् । हाम्रालागि पुर्खाले जनै धारण गरेका हुँदा घर्ती क्षत्री हाल जिसी लेख्न अङ्गेजीमा थालिएको हो । इतिहास पढ्दै जाँदा यो पनि थाहा भयो कि धेरै जजमानको संख्या बढाउन । यसभित्र ब्राह्मणिक स्वार्थ लुकेका थिए ! आफ्नो पुरोहित्याइँ पेशालाई आकर्षक रस्थायिकरण गर्नु !

पण्डित दाइ

- सर ! खुकुरीको प्राहारको पीडा अहिले त ब्राह्मणरूपी अचानोमा परेको छ । के यो पीडा पीडा होइन ? हामी ब्राह्मणको पीडा पीडा नै होइन त ? कसले बुझिदिने ?

कुरा सुनेर म अमलमा परैं । खुकुरी को पीडा अचानोलाई थाहा हुन्छ। खुकुरीलाई के थाहा ? यो त सामाजिकरूपमा दबिएका पिल्सिएका जातिको पीडा हो। ब्राह्मणिकरूपमा आफूलाई उच्च र अफूले आफैँलाई देवता समेत भनाउन संस्कृतमा लिखित कथित ग्रन्थलाई शास्त्र समेत भनाइएको छ! होइनर ? अझ देवताको मुखारविन्दबाट निःसृत बाणी रे ! कसो पण्डित दाइ ! २०७२ सालामा जारी संविधानले छुवछुत प्रथा अन्त गरेको छ। कुल जाति वंश आदिका आधारमा कुनै पनि मान्छे (नरनारी) ठूलो र सानो हुँदैन। संविधानमै विभेद गर्न नपाइने उल्लेख गरेको छ। मान्छेमान्छे बराबर भनेको छ।

अब त संविधानको अक्षर , भावना र मर्म अनुरुप काम गर्ने बेला भयो ।

पण्डित दाइ ! साँचो कुरो यही हो मान्ने नमान्ने तपाईंको विचार । हाम्रो त बसिबियाँलोको गफ हो ।

होइन सर ! कुरा मिलेन ! बर्वाद भयो ! हाम्रो हली पनि खनाल म पनि खनाल हाम्रो सम्धी पनि दहाल अनि आरने पनि दहाल ! यो कसरी मिल्छ !

यसरी त भाँडियो ! समाजै भाँडियो !

बाहुनको थर चोरेर कोइराला दहाल सबै लेख्न थाले !

कसमा भनेर अस्ति सोधेको त कान झण्डै कोदो झैं उखलेर कुकुरलाई खान दिएनन् एउटाले सर !

मैले विनम्रतापूर्वक ढाढस दिँदै भने-पण्डित दाइ ! धन्नै बित्यास परेनछ ! समयको परिवर्तनसँगै परिवर्तन हुन सिकौं यो त बाँच्ने कला हो दाइ ! वेदकै प्रारम्भिक चरणमा छुवाछुत थिएन । वर्ण व्यवस्था थिएन, यी सबै कुचलन मन्छेले नै बनाएका हुन् । मान्छेले बनाएका, कुचलनलाई मान्छेले नै हटाउने हिम्मत गर्नु पर्छ, यो जिम्बेवारी तपाईं मा छ। छैन त ? पण्डित दाइ ? कुरा त ठिकै हो तर ! किन्तु -------परस्तु -----

सर ! संस्कृत भाषा त समृद्ध भाषा हो भाटिने छाँट आयो ।। म कसरी जोगाउने हो ?

दाइ- आकाश थामेर थामिन्न !

पण्डित दाइ ! नमीठो नमान्नुहोला !

मेरो मुखबाट संस्कृत भाषा मासिन्छ भन्न नलगाउनुस् । म त्यसो नभनौं होला । अवश्य नै भाषा समृद्ध छ । दुई मत छैन ।

जुन भाषा संस्कृति जनताको दैनिक चलनचल्तीमा आउन भाषा तपाईंले भने जस्तै सक्दैन, त्यसको हालत तपाईंले हुन्छ ! भने जस्तै दराजमा थन्किन्छ ।

भाषा बाँच्न अङ्गेजीको दुईवटा टीलाई अनुशरण/अनुकरण गर्न सक्नुपर्छ । त्यो भनेको शब्द मात्र होइन । शब्द त अण्डाको वा बेलको खवटो जस्तै हो ।

पहिलो टीको अर्थ हो technology (प्रविधि ) र दोस्रो trade (व्यापार )हो ।

युरोप, रुस, अमेरिका, चीन, जापान जर्मनी आदि देशहरूले विज्ञान - प्रविधिको विकास गरे । त्यो ज्ञानलाई प्रयोग गरी पानीजहाज हवाईजहाज, रेलमार्ग, रेल, मोटरआदिको निर्माण गरे ।

द्रुतगामी राकेट निर्माण गरी लेनिन कालमा कम्युनिस्ट देश रुसले विश्वमै पहिलो पटक वैज्ञनिक युरी गागरिनलाई अन्तरेक्षमा परिक्रमा गराई धरतीमा सकुशल अवतरण गराउन सफल भयो । गरायो । अर्को कम्युनिस्ट देश चीनले चन्द्र धरातलमा मानवसहित यान अवतरण गराई कपास र चना उमार्न सफल भयो । त्यही चीनले बालबालिकालाई गणित सिकाउन आविस्कार, विकस र प्रयोग गर्ने अवकासलाई दर्जनभन्दा धेरै वैज्ञानिकहरूको अथक परिश्रम बगाएर बीसौं वर्षपछि कम्प्युटरको आविस्कार र विकास गरे । अहिले त अमेरिका त प्रविधिमा अगाडि छ भन्छन्, तर कुनै पनि विकसित देशहरू पछाडि छैनन्, चीन, रुस र अरू देशहरू धेरै अगाडि बढिसकेका छन् ।

वैज्ञानिकहरूको नयाँ खोज, आविष्कारमा तीव्रतम प्रतिस्पर्धा छ । तपाईंको हातमा भएको मोबाइल तपाईं जस्ता संस्कृतप्रेमी पण्डितहरूले सुरुमै आविष्कार विभिन्न डिजाइनमा निर्माण गरी संस्कृत भाषामा यसको नामाकरण गरेको भए संस्कृत भाषा विश्वव्यापी हुने थियो ।

यस्तै रेडियो, टेलिफोन, टेलिभिजनको साटो संस्कृतमा लेखिने थियो । आदि आदि...

होइन

पण्डित दाइ ?

त्यो त हो सर ।

तर हाम्रो सनातनी हिन्दु धर्म अब के होला त ?

तपाईं जस्तो पण्डितले जान्ने कुरा हो ! यो विषयमा मलाई वक्न कर नगर्नुस् ।

तै पनि सर भन्नुस् न !

हिन्दु धर्म सनातने हो होइन ? इतिहास पढ्नुस् ।

म यति मात्र भन्न सक्छु - वर्ण व्यवस्था र छुवाछुतको अन्त्य गर्नु पर्छ । त्यसको जिम्बा ब्राह्मणले लिनुपर्छ र नेतृत्व पनि तपाईं जस्ता योग्य हिन्दु पण्डितले लिए हिन्दु धर्मले निरन्तरता पाउने देख्छु ।

नत्र त ! खोइ ! ?

ह

# सुशासनको आधार : सदाचार नीति



भानु पराजुली

'राष्ट्रिय सदाचार नीति, २०८३' नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८३ असार १८ मा स्वीकृत भएको छ। यो नीति जेनजी आन्दोलनपछि गठन भएको हालको बालेन्द्र शाह नेतृत्वको सरकारले पारित गरेको हो । त्यसैले यसलाई 'पुरानो सरकारले ल्याएको' भन्नुभन्दा हालकै कार्यकारी संयन्त्रको उपज मान्नु बढी यथार्थपरक हुन्छ । यद्यपि यसको मसौदा तयारी प्रक्रिया भने अघिल्लो प्रशासनिक संयन्त्रबाटै अगाडि बढेको हो । यस्ता नीतिगत दस्तावेज साधारणतया लामो समयदेखि प्रशासनभित्र तयार हुँदै आउँछन् र मन्त्रीपरिषद् परिवर्तन भए पनि निरन्तरता पाउँछन् ।

यो नीति तीन परिच्छेदमा विभाजित छ- परिचय, नीति संरचना र नीति कार्यान्वयन । यसले 'सदाचारयुक्त समाजमार्फत सुशासन र समृद्धि' भन्ने दूरदृष्टि राखेको छ र यसलाई नौ मूलभूत मान्यता- स्वतन्त्रता, सक्रियता, व्यावसायिकता, रचनात्मकता, मानव मर्यादा, नागरिक सहभागिता, राष्ट्रभक्ति, निष्ठा र सकारात्मकतामार्फत संस्थागत बनाउने प्रयास गरेको छ ।

नीतिको सबैभन्दा उल्लेखनीय पक्ष भनेको यसले सदाचार प्रवर्धनलाई कुनै एक निकाय वा तह (सङ्घ मात्र) मा सीमित नराखी सङ्घ, प्रदेश र स्थानीय गरी तिनै तहका सरकार, न्यायपालिका, संवैधानिक निकाय, राजनीतिक दल, निजी क्षेत्र, गैरसरकारी संस्था, सञ्चार माध्यम, कूटनीतिक क्षेत्र, शैक्षिक संस्था र स्वयम् नागरिकसम्म फैलाएको छ । यसले सदाचारलाई 'व्यक्तिगत नैतिकता वा सरकारी दायित्व' भन्दा माथि उठाई 'साझा उत्तरदायित्व' का रूपमा प्रस्तुत गरेको छ; जुन दृष्टिकोणगत रूपमा सही र समावेशी देखिन्छ ।

**दण्डहीनता अन्त्यको ठोस औजार**

यस नीतिभित्र केही यस्ता प्रावधान छन्; जसलाई सरकारले गम्भीरतापूर्वक कार्यान्वयनमा लैजाने हो भने भ्रष्टाचार नियन्त्रण र दण्डहीनता अन्त्यको ठोस औजार बनाउन सकिन्छ :

सदाचार परिपालना संयन्त्र : यो प्रत्येक सार्वजनिक निकायमा जोखिममा आधारित सुपरीवेक्षण गर्ने संयन्त्र हो । वास्तविक स्वायत्तता र अधिकारसहित गठन भयो भने यसले भित्री भ्रष्टाचार समयमै पत्ता लगाउन मद्दत गर्न सक्छ ।

सत्यनिष्ठा मूल्याङ्कन सूचक : प्रत्येक राष्ट्रसेवकको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा यो सूचक जोड्ने योजना व्यवहारमा लागु भयो भने भ्रष्टाचारमा संलग्न कर्मचारीलाई पदोन्नति वा प्रोत्साहनबाट स्वतः वञ्चित गर्ने संरचनागत आधार बन्न सक्छ ।

सम्पत्ति विवरण सार्वजनिकीकरण : राजनीतिक दलका प्रतिनिधि र सार्वजनिक पदमा नियुक्त व्यक्तिले अनिवार्य सम्पत्ति विवरण सार्वजनिक गर्न'पर्ने व्यवस्था राम्ररी लागु भए पारदर्शिता बढ्न सक्छ । यो व्यवस्था विगतमा पनि कानुनी रूपमा अस्तित्वमा थियो तर यसको पालना कमजोर रहेको तथ्यलाई बिर्सन मिल्दैन । नीतिले मात्र भन्दा यसको अनिवार्य कार्यान्वयन र गैरपालनामा दण्डको स्पष्ट व्यवस्थाले मात्र फरक पार्ने छ ।

**दण्ड र प्रोत्साहन प्रणाली : नीति कार्ययोजनामा**

'उत्कृष्ट कार्यसम्पादन गर्ने निकाय तथा कर्मचारीलाई प्रोत्साहन र कमजोर कार्यसम्पादन वा अनियमिततामा संलग्नलाई प्रचलित कानुनबमोजिमको कारबाही' भन्ने उल्लेख छ । यो दिशा सही भए पनि 'प्रचलित कानुनबमोजिम' भन्ने वाक्यांशले नयाँ कडा दण्ड व्यवस्था ल्याउने प्रतिबद्धता देखाउँदैन; बरु हालको (प्रायः कमजोर मानिने) कानुनी संरचनामै भर पर्छ ।

गुनासो व्यवस्थापन र डिजिटल पारदर्शिता : अनलाइन गुनासो प्रणाली, खुला डेटा र सार्वजनिक निकायका निर्णयको वेबसाइटमार्फत सार्वजनिकीकरण जस्ता व्यवस्थाले नागरिक निगरानी बलियो बनाउन सक्छ ।

**संरचनागत कमजोरी**

यो नीति विश्लेषण गर्दा केही गम्भीर सीमितता पनि देखिन्छन् । पहिलो, यो नीति मात्र हो; ऐन होइन । नीतिले ठाउँ ठाउँमा 'सदाचार ऐन निर्माण गर्ने' भनेको छ तर यसको समयसीमा स्पष्ट छैन र हालसम्म यस्तो ऐन संसद्मा आएको छैन । नीति कार्यान्वयन गर्ने कानुनी दाँत नबनेसम्म यो एउटा 'आकाङ्क्षापत्र' मात्र रहन्छ । नेपालमा यसअघि पनि सुशासन ऐन, भ्रष्टाचार निवारण ऐन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संरचना अस्तित्वमा हुँदाहुँदै पनि भ्रष्टाचार र दण्डहीनता नियन्त्रण हुन नसकेको यथार्थलाई नीतिले नै 'कार्यान्वयनमा जटिलता र दोहोरोपन' भनी स्वीकार गरेको छ । समस्या कानुन/नीतिको अभावभन्दा बढी इच्छाशक्ति र कार्यान्वयनको हो भन्ने कुरा नीति स्वयम्ले स्विकारेको छ तर यसको समाधान भने प्रायः संस्थागत संरचना थप्ने र समिति गठन गर्नेमै सीमित देखिन्छ ।

दोस्रो, जिम्मेवारी अत्यधिक फराकिलो र छरिएको छ । कार्ययोजना हेर्दा एउटै कार्यका लागि दर्जनौँ 'सहयोगी निकाय' तोकिएको छ, यसले समन्वयको जटिलता झन् बढाउने जोखिम राख्छ । नीतिले नै 'संस्थागत समन्वयको अभाव' लाई प्रमुख चुनौती भनेको छ तर समाधानका रूपमा प्रस्तावित संरचना (मुख्य सचिवको संयोजकत्वमा निर्देशक समिति) पनि थप एउटा तह मात्र थप्ने खतरा देखिन्छ ।

तेस्रो, वित्तीय स्रोतको प्रतिबद्धता अस्पष्ट छ । नीतिले 'नियमित वार्षिक बजेट तथा कार्यक्रममार्फत्' स्रोत जुटाउने भनेको छ; जुन कुनै ठोस बजेटीय प्रतिबद्धता होइन । निजी क्षेत्र र गैरसरकारी क्षेत्रलाई समेत आफ्नै स्रोतबाट खर्च गर्न भनिएको छ; जसले कार्यान्वयनलाई परिस्थितिजन्य बनाउँछ ।

चौथो, राजनीतिक दल र विधायिकाका लागि तोकिएका आचरण (जस्तै- 'स्वार्थ बाझिने संसदीय समिति र बैठकमा सहभागी नहुने', 'सम्पत्ति विवरण सार्वजनिक गर्ने') राम्रा भए पनि, यी विगतमा पनि नैतिक प्रतिबद्धताकै रूपमा अस्तित्वमा रहेका र पालना कमजोर रहेका विषय हुन् । यस पटक फरक हुनका लागि अनुगमन गर्ने स्वतन्त्र र शक्तिशाली निकाय (जस्तै- संसदीय आचार समिति) लाई साँच्चै स्वायत्तता र दण्ड दिने अधिकार चाहिन्छ; जुन नीतिमा प्रस्ट देखिँदैन ।

**ध्यान दिनुपर्ने विषय**

यस नीतिलाई प्रभावकारी बनाउन निम्न कुरामा ध्यान दिन सकिन्छ :

सदाचार ऐनको मसौदा र संसद्मा पेस गर्ने स्पष्ट समयसीमा तोक्ने र सार्वजनिक गर्ने : नीति स्वयम्ले तोकेको समयसीमा (जस्तै- ऐन निर्माणका लागि तोकिएको अवधि) लाई कडाइका साथ पालना गर्ने ।

राष्ट्रिय सतर्कता केन्द्रलाई साँच्चै स्वायत्त र स्रोतसाधनयुक्त बनाउने : हाल यो केन्द्र प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत नै रहने भएकाले यसको स्वतन्त्रता प्रश्नमा रहन्छ । स्वतन्त्र विज्ञ समूहको भूमिका (नीतिमा उल्लिखित पाँच सदस्यीय टिम) लाई कानुनी संरक्षण दिनु आवश्यक छ। यस्तै जेनजी आन्दोलनका माग र कार्की आयोगका सिफारिसलाई यस नीतिसँग प्रत्यक्ष जोड्ने। आन्दोलनको मूल माग नै भ्रष्टाचार र नातावादविरुद्ध थियो; यसैले नीति कार्यान्वयनको प्रगति सार्वजनिक रूपमा नियमित प्रतिवेदन गरी जनतालाई विश्वस्त पार्न' राजनीतिक रूपमा पनि लाभदायक हुन्छ ।

दण्डहीनता अन्त्यका लागि विशेष व्यवस्था : विगतका ठुला भ्रष्टाचार प्रकरण र दमनसम्बन्धी मुद्दामा कारबाहीको गति यस नीतिको विश्वसनीयताको कसी हुने छ। नीति जति राम्रो भए पनि किस्ता किस्ता र छनोटमूलक कार्यान्वयन गर्ने पुरानो परम्परा भएमा जनविश्वास झन् गुम्ने छ ।

नागरिक समाज र सञ्चार माध्यमको भूमिकालाई साँच्चै स्वतन्त्र राख्न : नीतिले नागरिक सहभागिता र सामाजिक निगरानीको कुरा गरे पनि सोही सरकार वा अघिल्ला सरकारहरूले नागरिक समाज र गैरसरकारी संस्थालाई दबाब दिएको आरोप रहिआएको सन्दर्भमा यो नीतिको मर्म पूरा गर्न अभिव्यक्ति स्वतन्त्रता र सङ्गठित हुने अधिकारलाई सङ्कुचित नगर्ने प्रत्याभूति दिनु आवश्यक हुन्छ ।

**निष्कर्ष**

राष्ट्रिय सदाचार नीति, २०८३ ले नेपालमा छरिएर रहेका सदाचारसम्बन्धी प्रयासलाई एकीकृत गर्ने राम्रो नियतको दस्तावेज प्रस्तुत गरेको छ । यसका धेरै प्रावधान, विशेष गरी सत्यनिष्ठा मूल्याङ्कन सूचक, जोखिममा आधारित सुपरीवेक्षण र बहुक्षेत्रीय दायित्व बाँडफाँट सही देखिन्छन् । तर यो नीति आफैँमा कानुनी बाध्यकारिता नभएको दस्तावेज भएकाले यसको वास्तविक कसी भनेको आगामी महिना-वर्षमा बन्ने ऐन, नियमावली र सबैभन्दा महत्वपूर्ण त तिनको इमानदार कार्यान्वयनमा निर्भर रहने छ । सरकारले यस नीतिलाई कागजी दस्तावेजमा सीमित नराखी, जेनजी आन्दोलनले उठाएको जवाफदेहिता र न्यायको मागसँग प्रत्यक्ष जोडेर, स्पष्ट समयसीमा र स्वतन्त्र निगरानी संयन्त्रसहित कार्यान्वयन गर्ने हो भने यसले नेपालको सुशासन र भ्रष्टाचार नियन्त्रणमा साँच्चै योगदान पुऱ्याउन सक्छ । गोपबाट

# नेप्से परिसूचक १९ अङ्कले घट्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार दोहोरो अङ्कले घटेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १९ दशमलव ६७ अङ्कले ओरालो लागेर दुई हजार ६०१ दशमलव ९२ को विन्दुमा पुगेको हो ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ४९ अङ्कले ओरालो लागेर चार सय ५४ दशमलव १९ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक एक दशमलव २१ अङ्कले घटेर एक सय ७८ दशमलव ६८ मा पुगेको छ। साथै सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ९२ अङ्कले घटेर एक सय ५३ दशमलव ६७ मा पुगेको छ।

विभिन्न कम्पनीका ८७ लाख ५१ हजार ३८० कित्ता शेयर रु चार अर्ब ६१ करोड १९ लाख ५४ हजार ७८२ मूल्यमा खरिद बिक्री भएको छ । १३ वटै उपसमूह घटेका छन् । ४२ कम्पनीको शेयर मूल्य बढ्यो भने दुई सय २९ कम्पनीको शेयर घटेको छ।

नेप्सेका अनुसार उपकार लघुवित्त वित्तीय संस्था, स्नो रिभर लिमिटेड र कुमारी सबल योजनाका लगानीकर्ताले कमाएका छन् भने विओके डिबेञ्चर, सल्पा विकास बैंक, थ्रिस्टार हाइड्रोपावर कम्पनीका लगानीकर्ताले गुमाएका छन् ।

# दरबारदेखि रानीकुवासम्मः इतिहास, जनश्रुति र संरक्षणको मौन साक्षी



जनक श्रेष्ठ

डुम्रे-बेँसीसहर सडकखण्ड हुँदै यात्रा गर्ने जो-कोहीको नजर सडक छेउमा रहेको एउटा पुरानो कुवामा पर्न सक्छ । हतारमा यात्रा गर्नेका लागि त्यो सामान्य पानीको कुवा मात्र हुनसक्छ तर त्यसको मौन गहिराइभित्र १६औँ शताब्दीको लमजुङ दरबारको इतिहास लुकेको छ । तत्कालीन राजपरिवारको जीवनशैली, बटुवाको यात्राको कथा, स्थानीय समाजको परिवर्तन र पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको जनविश्वास पनि सुरक्षित छ ।

यहाँ कुनै समय रानी वा राजपरिवारले प्रयोग गर्ने कुवा (इनार) थियो । गाउँसहर दरबार आउने-जाने बाटोमा यो पानीको मुख्य स्रोत भएकाले त्यसलाई 'रानीको कुवा' भनिन थालियो । यो व्याख्या स्थानीय मौखिक परम्परामा आधारित हो, यसलाई पुष्टि गर्ने शिलालेख वा आधिकारिक इतिहास हालसम्म उपलब्ध छैन । समयले धेरै कुरा फेरिए पनि 'रानीकुवा'ले इतिहासका ती पदचाप अझै बोकेर बसेको छ । लमजुङको रानीकुवा नामको उत्पत्तिबारे आधिकारिक ऐतिहासिक अभिलेख धेरै उपलब्ध छैन तर स्थानीय जनश्रुति र त्यहाँको ऐतिहासिक परिवेशका आधारमा केही तथ्यहरु फेला पार्न सकिन्छ ।

बेँसीसहर नगरपालिका-३ (साविक गाउँसहर गाउँ विकास समिति) मा अवस्थित रानीकुवाअन्तर्गत पर्ने बस्ती हो । गाउँशहर क्षेत्र तत्कालीन लमजुङ राज्यको महत्वपूर्ण ऐतिहासिक केन्द्र मानिन्छ । यही क्षेत्रमा पुरानो दरबार, प्रशासनिक संरचना र धार्मिक स्थलहरू रहेकाले रानीकुवा पनि त्यही ऐतिहासिक परिवेशको एउटा हिस्सा भएर विकसित भएको देखिन्छ । रानीकुवा केवल एउटा बस्ती मात्र नभई गाउँसहर प्रवेशको महत्वपूर्ण विन्दु हो । हालको नगर योजनामा पनि गाउँशहर, काउलेपानी, पुरानोकोट गढी र नाल्मा जाने प्रवेशद्वार रानीकुवामा निर्माण गरिएको उल्लेख छ ।

लमजुङ दरबारसँग जोडिएको यो कुवा स्थानीय जनश्रुतिअनुसार तत्कालीन राजा यशोब्रह्म शाहको पालामा निर्माण गरिएको मानिन्छ । दरबारमा रहेका रानीहरूका लागि सुरक्षित खानेपानी तथा स्नानको व्यवस्था गर्न कुवा खनाइएको विश्वास गरिन्छ । यही कारण यसको नाम 'रानीकुवा' रहन गएको स्थानीयहरूको भनाइ छ । स्थानीय जनश्रुतिअनुसार लमजुङ दरबार र तत्कालीन बसोबासको शैलीसँग गाउँसहर र बेँसीसहरको नामसमेत जोडिएको पाइन्छ । गर्मी याममा माथिल्लो क्षेत्रमा र जाडो याममा बेँसी क्षेत्रमा बसोबास गर्ने चलनका कारण यी नाम प्रचलनमा आएको स्थानीयहरू बताउँछन् । पछि बेँसी क्षेत्रमा बस्ती विस्तार हुँदै जाँदा बेँसीसहरको पहिचान विकसित भएको मानिन्छ ।

स्थानीय बूढापाकाहरूका अनुसार कुनै समयमा राजपरिवार वा दरबारका मानिसहरूले प्रयोग गर्ने पानीको कुवा यहाँ भएकाले त्यसको नाम रानीकुवा रहन गएको भन्ने जनश्रुति प्रचलित छ । यद्यपि, यसलाई पुष्टि गर्ने प्रमाणित ऐतिहासिक दस्तावेज हालसम्म सार्वजनिक रूपमा भेटिँदैन । ८६ वर्षीय स्थानीय बासिन्दा माधवप्रसाद घिमिरेका अनुसार सुरुमा रानीकुवा राजपरिवारको प्रयोगका लागि सीमित थियो । समयसँगै आसपास बस्ती विस्तार भयो र स्थानीयले पनि यही कुवाको पानी प्रयोग गर्न थाले । आधुनिक खानेपानीको व्यवस्था भएपछि यसको प्रयोग घटे पनि ऐतिहासिक महत्व भने कायमै रहेको उनी बताउँछन् ।

स्थानीय इतिहासका जानकार अङ्गराज घिमिरेका अनुसार अहिले सडक रहेको स्थानमा पहिले गोरेटो बाटो थियो । त्यस बाटोमाथि रहेको 'रानी चौतारा' मा यात्रुहरूले विश्राम गर्थे र यही कुवाको पानी पिउँथे । उनका अनुसार रानीहरू पनि यही क्षेत्रमा आउने, स्नान गर्ने र कुवाको पानी प्रयोग गर्ने गर्थे । त्यसैले रानीकुवा केवल पानीको स्रोत नभई तत्कालीन राजकीय जीवन र स्थानीय समाजबीचको सम्बन्धको जीवित साक्षी हो । घिमिरेका अनुसार राजा यशोब्रह्म शाहलाई लमजुङ ल्याउन कुसम्माखरलाई लमजुङका छ थरले अगुवा गर्न आग्रह गरेअनुसार उनले यशोब्रह्मलाई ल्याउन महत्वपूर्ण भूमिका खेलेका थिए । तीमध्ये कुस्माखर घिमिरेको योगदान विशेष रहेको स्थानीय इतिहास र जनश्रुतिमा उल्लेख पाइन्छ । ज्योतिष, राजनीतिक ज्ञान र दूरदर्शिताका कारण परिचित कुस्माखर घिमिरे राष्ट्रिय झण्डाको प्रारम्भिक परिकल्पनासँग समेत जोडिने व्यक्तित्व भएको उनको भनाइ छ ।

नेपाल एकीकरणअघि प्रयोगमा रहेको १२ कुना भएको सूर्य र आठ कुना भएको चन्द्र अङ्कित झण्डाको प्रारम्भिक स्वरूपको परिकल्पनामा उनको भूमिका रहेको स्थानीय जनश्रुतिमा पाइन्छ । लमजुङ दरबार संरक्षण समितिका अध्यक्ष राजेन्द्र बोहोराका अनुसार रानीकुवा र लमजुङ दरबारलाई अलग गरेर हेर्न सकिँदैन । दरबारको इतिहास बुझ्न रानीकुवाको संरक्षण पनि उत्तिकै आवश्यक रहेको उनको भनाइ छ । उनका अनुसार इतिहासको संरक्षण केवल पुराना संरचना जोगाउनु मात्र होइन, त्यससँग जोडिएका तथ्य, जनश्रुति, संस्कृति र सामूहिक स्मृतिलाई भावी पुस्तासम्म पुऱ्याउनु पनि हो ।

पर्याप्त संरक्षणको अभाव, प्राकृतिक क्षय तथा बढ्दो मानवीय चापका कारण रानीकुवासहित दरबार क्षेत्रका ऐतिहासिक सम्पदाको मौलिकता जोगाउनु चुनौतीपूर्ण बन्दै गएको छ । दरबार, रानीकुवा, रानी चौतारा तथा आसपासका सम्पदालाई समेटेर दीर्घकालीन संरक्षण, व्यवस्थापन र पर्यटन प्रवर्द्धनका लागि गुरुयोजना तयार गर्ने प्रक्रिया अघि बढाइएको अध्यक्ष बोहोराले बताए । लमजुङ दरबार ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण सम्पदा हो । यसको संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकारसहित विभिन्न निकायबाट पहल भइरहेको उनी बताउँछन् ।

रानीकुवा गाउँशहर दरबार जाने मार्गमा पर्ने भएकाले यो स्थान तत्कालीन लमजुङ राज्यसँग सम्बन्धित हुनसक्ने स्थानीय विश्वास छ । सरकारी विकास योजनाका कागजातहरूमा पनि रानीकुवा-ऐतिहासिक गाउँशहर दरबार सडकको उल्लेख पाइन्छ, जसले यस क्षेत्रको ऐतिहासिक सम्बन्धलाई सङ्केत गर्छ । दरबार क्षेत्रमा रहेको ऐतिहासिक धारासँग पनि स्थानीय जनविश्वास जोडिएको छ । अहिले पनि चैतेदसैँ र फूलपातीका अवसरमा दरबारमा लाग्ने मेलामा सहभागी हुनुअघि उक्त धारामा स्नान गरेर जाने परम्परा रहेको अध्यक्ष बोहोरा बताउँछन् ।

स्थानीय तहले पनि रानीकुवाको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकतामा राखेको जनाएको छ । वडाध्यक्ष चित्रबहादुर दनाइका अनुसार रानीकुवा क्षेत्रको सौन्दर्यीकरण र प्रवर्द्धनका लागि केही वर्षअघि करिब रु छ लाखको लागतमा रानीपार्क निर्माण गरिएको थियो । यसको संरक्षण, ऐतिहासिक अध्ययन र पर्यटन प्रवर्द्धनका लागि थप पहल भइरहेको उनी बताउँछन् । रानीकुवा, लमजुङ दरबार र आसपासका ऐतिहासिकस्थललाई एउटै पर्यटन परिपथका रूपमा विकास गर्ने सोच रहेको उनको भनाइ छ ।

यसैबिच ऐतिहासिक परिसरमा अहिले कुस्माखर घिमिरेको शालिक निर्माण अन्तिम चरणमा पुगेको छ । राष्ट्रिय प्रतिष्ठान समितिका अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार स्थानीय स्वर्गीय डिल्लीराज घिमिरेको सम्झनामा उनकी धर्मपत्नी हिमादेवी घिमिरे तथा छोराहरू गुणराज घिमिरे र तोयाराज घिमिरेसहित परिवारले चार आना जग्गा उपलब्ध गराएका छन् । गण्डकी प्रदेश सरकारको रु १५ लाखको बजेटमा निर्माण भइरहेको शालिकको ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको उनले जानकारी दिए । उनका अनुसार भक्तपुरमा निर्माण गरिएको शालिक रानीकुवा परिसरमा ल्याइसकिएको छ र उपयुक्त मिति छनोट गरी स्थापना गरिनेछ । कुस्माखर घिमिरेको ऐतिहासिक योगदानलाई नयाँ पुस्तासम्म चिनाउने उद्देश्यले शालिक निर्माण गरिएको उनी बताउँछन् ।

अध्यक्ष श्रीकान्त घिमिरेका अनुसार रानीकुवा र यसको आसपासको क्षेत्र पुरातात्त्विक दृष्टिले महत्वपूर्ण छ । त्यसैले पुरातत्व विभागसँग समन्वय गरी यसको संरक्षण, अध्ययन, अभिलेखीकरण र प्रचारप्रसारलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । रानीकुवा आज केवल एउटा पुरानो कुवा होइन, यो लमजुङको इतिहास, जनविश्वास, राजपरम्परा, स्थानीय जीवन र सांस्कृतिक पहिचानको जीवित साक्षी हो । यसको छेउमै निर्माणाधीन कुस्माखर घिमिरेको शालिकले इतिहासका अर्का पात्रलाई नयाँ पुस्तासँग परिचित गराउने प्रयास गरिरहेको छ ।

रानीकुवा, लमजुङ दरबार, रानी चौतारा, ऐतिहासिक धारा र कुस्माखर घिमिरेसँग जोडिएका सम्पदालाई एउटै संरक्षण र पर्यटन परिपथका रूपमा विकास गर्न सकिएमा यसले लमजुङको इतिहासलाई मात्र होइन, नेपालको सांस्कृतिक पर्यटनलाई पनि नयाँ आयाम दिन सक्ने बताइएको छ । इतिहासका यस्ता सम्पदाहरू ढुङ्गा, माटो वा पानीका संरचना मात्र होइनन्, तिनले एउटा समाजको स्मृति, पहिचान र निरन्तरताको कथा बोकेका हुन्छन् । रानीकुवाले आज पनि त्यही इतिहासको मौन साक्षी बनेर भविष्यलाई अतीतसँग जोडिरहेको छ ।

**संविधान...**

'त्यसपछि विश्वासको वातावरण बन्दैजान्छ, अनि मात्रै शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता जस्ता विषयमा जहाँ केही संशोधनका आवश्यकताहरू छन् । ती कुरामा प्रवेश गर्ने कुरा उपयुक्त हुन्छ भन्ने कुरा ठान्दछौं ।' -उनले भने ।

एकैचोटि खोल्दिने हो भने नेपाल अझ ठूलो आगोको भुंग्रोमा पस्ने उनले बताए ।

सभापति गगन थापाले सरकारले संविधान संशोधनलाई अत्यन्तै हल्का, अपरिपक्व, सतही रूपमा लिएको टिप्पणी गरेका छन् ।

पार्टी कार्यालयमा आयोजित कार्यक्रममा बोल्दै संसद्को गणितको आधारमा संशोधन हुन नसक्ने बताए ।

उनले भने-'सरकार बनाउनका निम्ति निर्माण भएको संसद्ले मसँग भएको गणितको आधारमा म संविधान सभाको जस्तो अभ्यास गर्छु भनेर ठान्यौँ भने त्यो गलत हुन्छ ।'

उनले सरकारले संविधान संशोधनका लागि बनाएको कार्यदलमाथि नै प्रश्न उठाए ।

उनले थपे- 'हामीले एकै पटक संविधान संशोधनको विषयमा प्रवेश गर्न थालेको जस्तो बाहिरबाट हेर्दै गर्दा हामीहरू यस्तो कुरा देख्दछौं । हाम्रो मुख्य डर र चिन्ता एकदमै स्पष्ट छ । सरकारले प्राथमिकता निर्धारण गरेर कुनै एउटा निश्चित वा स्पष्ट समस्यालाई सुधार गर्नका लागि संशोधनको प्रस्ताव गरेको हामी पाउँदैनौं ।'

संसद् र सडकमा रहेका विभिन्न राजनीतिक दल, जाति, क्षेत्र र स्वार्थ समूहहरूले आफ्नो अभीष्ट पुरा खेल्नसक्ने बताए ।

उनले थपे-'राज्यको स्वरूप, शासकीय स्वरूप, नागरिकका स्थापित मौलिक अधिकारहरू नै परिवर्तन गर्नुपर्छ भन्ने जस्ता मागहरू उठ्न सक्दछन् । यसले शासनको मुख्य-मुख्य विषयलाई ओझेलमा पार्न सक्छ र देश कता-कता मोडिने हो भन्ने एउटा अनिश्चिततातर्फ लिएर जान सक्छ भन्ने हाम्रो अर्को चिन्ताको विषय हो ।'

उनले सरकारले बनाएको कार्यदलप्रति सन्तुष्ट नभएर बैशाख १४ गते नै आफूहरू सहभागी हुन नसक्ने भन्दै पत्र पठाएको स्मरण गरे ।

उनले भने-'कार्यदलमा हामीले प्रतिनिधि पठाएनौं । हामीले त्यही पत्रमार्फत सार्वजनिक रूपमा अपिल गऱ्यौं, अन्य राजनीतिक दलहरूलाई पनि, जानुको कुनै औचित्य देख्दैनौँ, अहिले सबै राजनीतिक दलहरूले ढिलै भए पनि आफ्ना प्रतिनिधिहरूलाई फिर्ता बोलाउनुभएको छ । यो अवस्था आउँछ भन्ने कुरा हामीलाई वैशाखमै थाहा थियो ।'

# जनकपुरबाट काठमाडौँ पैदल मार्चमा निस्के मिटरब्याज पीडित




काठमाडौँ । मिटरब्याज पीडितले जनकपुर-काठमाडौँ पैदल मार्च सुरु गरेका छन् । मिटरब्याज विरुद्धको किसान मजदूर आन्दोलनले जनकपुरधामको तिरहुतिया गाछीबाट 'पैदल न्याय मार्च' सुरु गरेको हो ।

साहु-महाजनको शोषण र फर्जी लिखतका विरुद्ध न्याय खोज्दै पीडितले काठमाडौँसम्मको पैदल यात्रा तय गरेका हुन् । न्याय मार्चको उद्घाटन गर्दै मिटरब्याजविरुद्ध किसान मजदूर आन्दोलनका अध्यक्ष अवधेश कुशवाहले साहु-महाजनले नक्कली कागजातको सहारा लिई अदालती प्रक्रियामार्फत् किसानलाई भूमिहीन बनाइरहेको बताए ।

फर्जी तमसुकमार्फत् किसानको जग्गा हडप्ने र उनीहरूलाई आफ्नै भूमिबाट बेदखल गर्ने प्रक्रिया तिव्र पारिएको बताउँदै उनले त्यसका विरुद्ध न्यायका लागि मार्च सुरु गरिएको बताए ।

त्यस्तै, अभियन्ता निर्ग नवीनले सरकारले मिटरब्याज पीडितका समस्या समाधान गर्ने वाचा गरे पनि अहिले त्यसबाट पछाडि हटेको आरोप लगाए। उनले सरकारले पीडितका समस्या समाधानमा कुनै चासो नदेखाएकाले जनकपुरधामबाट फेरि पैदल यात्रा सुरु गरिएको जानकारी दिए ।

यसपटकको न्याय मार्च काठमाडौँ पुगेर सिंहदरबार घेराउ गर्ने र सरकारलाई आफ्ना पीडा सुनाउने लक्ष्य रहेको नवीनले बताए ।

न्याय मार्च सुरु गर्नुअघि पीडितले मशाल जुलुस प्रदर्शन गरेका थिए । उनीहरूले प्रतीकात्मक रूपमा फर्जी तमसुक जलाएर आन्दोलनको घोषणा गरेका थिए ।

पीडितहरूले साहु-महाजनको शोषणबाट मुक्ति र फर्जी तमसुक खारेजीको मागलाई मुख्य एजेन्डा बनाएका छन् । यसअघि पनि उनीहरूले दुई पटक काठमाडौँ पैदल मार्च गरेका थिए ।

# चितवनका सबै पालिकामा विशेषज्ञ सेवा विस्तार गर्दै भरतपुर अस्पताल

चितवन । भरतपुर अस्पतालमा बिरामीको चाप बढेपछि जिल्लाका सबै पालिकामा विशेषज्ञ सेवा विस्तार गर्ने योजना अघि बढाएको छ ।

भरतपुर महानगरपालिका, राप्ती, कालिका, रत्ननगर खैरहनी, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा भरतपुर अस्पतालका चिकित्सकद्वारा बहिरङ्ग सेवा (ओपिडी) सञ्चालन गर्ने योजनाअघि बढाएको हो ।




अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा. विश्वबन्धु बगालेले भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीसहितको टोलीसँग शारदानगर हेल्थपोष्ट स्थलगत अध्ययन गरेको छ ।

बगालेले उक्त हेल्थपोष्टमा भरतपुर अस्पतालका विशेषज्ञ चिकित्सक पठाउने गरी तयारी भइरहेको बताए । उनले भने-"भरतपुर महानगर सकारात्मक भएकाले छिट्टै काम अघि बढाउँछौँ ।"

उनले सात पालिकाका प्रमुख तथा उपप्रमुखसँग आवश्यक छलफल अघि बढाइएको बताए । उनले भने-"स्थानीयस्तरमै नागरिकलाई भरतपुर अस्पतालको सेवा हामी दिँदैछौँ ।" उक्त अस्पतालमा प्राथमिक र विशेषज्ञ सेवा दिने भन्दै उनले भरतपुर अस्पतालले अति विशिष्टिकृत सेवालाई प्राथमिकतामा राखेर उपचार गर्ने बताए।

डा. बगालेले पालिकाको लगानीमा सञ्चालन भएका अस्पतालमा भरतपुर अस्पतालकै वरिष्ठ चिकित्सकले उपचार गर्ने भएपछि उपचारका लागि भरतपुर अस्पताल आउनुपर्ने बाध्यताको अन्त्य गर्न यो अभियान सञ्चालन गरिएको जानकारी दिए ।

पालिकाहरु सकारात्मक भएमा दुई वर्षमा भरतपुर अस्पताल आउने बिरामीको संख्या आधा घटाएर विशिष्टिकृत सेवामा जोड दिन सकिने बताए ।

भरतपुर अस्पतालमा दैनिक तीन हजार बिरामी बहिरङ्ग सेवा उपचारमा आउने गरेका छन् ।


## उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
## Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

*नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था*

**केन्द्रीय कार्यालय, सि.न.पा.-१२, रुपन्देही**

**फोन नं.०७१-५७११२६, ०७१-५७११२८ फ्याक्स नं.०७१-५७११२७**

## सूचीदर्ता गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२६

यस वित्तीय संस्थालाई आर्थिक वर्ष २०८३/८४ को लागि तपसिलका सामान तथा सेवाहरु एकै पटक वा पटक/पटक आपूर्ति तथा मर्मत सम्भार गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुबाट सेवा लिन आपूर्ति कर्ताको सूची दर्ता गराउनु पर्ने भएकोले सम्बन्धित विषयको कारोबार गर्न स्वीकृत प्राप्त गरेका रजिष्टर्ड फर्म तथा कम्पनीहरुले आफूले आपूर्ति गर्ने सामान तथा मर्मत सम्भार सम्बन्धी विवरण सहितका कागजातहरु फर्म तथा कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ताप्रमाणपत्र र आ.व. २०८१/८२ को कर चूक्ता प्रमाणपत्रको प्रतिलिपिहरु सुचना प्रकाशित भएको मितिले १५ दिन(सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात् कार्यालय खुलेको पहिलो दिन) भित्र तपसिलमा उल्लेखित विवरण मध्ये कुनकुन कार्य वा आपूर्ति गर्न सूची दर्ता गर्ने हो सोको लागि छूट्टाछूट्टै निवेदनका साथ संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा दर्ता गराउनूहुन वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली २०७८ को विनियम २५(१) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

आवेदन पेश गर्दा आवेदनमा उल्लेखित विवरण तथा योग्यताका कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपूगेका आवेदन कर्तालाई मौजूदा सुचीमा समावेश गरिने छैन । आवेदकलाई मौजूदा सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**तपसिलः**

| सि.न. | विवरण |
|---|---|
| १. | स्टेशनरी सामान (मसलन्द तथा फुटकर सामान) आपूर्ति |
| २. | छपाई सम्बन्धी |
| ३. | अफिस फर्निचर तथा फिक्चर आपूर्ति/मर्मत संभार |
| ४. | इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपी मेसिन सिसिटिभी,सर्भर आदि)आपूर्ति/मर्मत तथा संभार |
| ५. | फ्याक्स, प्रिन्टरको इन्क रिफिलिंग, कार्टेज, टोनर, फोटोकपी पेपर आदि |
| ६. | सवारी साधन खरिद (मोटरसाईकल तथा जीप) पार्टपूर्जा खरिद/मर्मत |
| ७. | फ्लेक्स ब्यानर छपाई |
| ८. | विद्यूत सम्बन्धी सामानहरु (जेनेरेटर, पंखा, हिटर, एयर कन्डिसन, चिम, तार वाईरिंग कार्य खरिद/मर्मत |
| ९. | कार्यालय सेफ (भल्ट), चेक राइटर |
| १०. | अन्य सेवा |



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।

लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



**अण्डा ग्रेडिङ गरिँदैः**

दाङको घोराही उप-महानगरपालिका-१० स्थित खैरीगाउँमा डम्बरबहादुर केसीले सञ्चालन गरेको व्यावसायिक पोल्ट्री फार्ममा उत्पादन भएका अण्डा ग्रेडिङ गर्दै कामदार । फार्मबाट दैनिक करिब आठ हजार पाँच सय अण्डा उत्पादन हुने गरेको सञ्चालक केसीले बताए । तस्विरः रासस

## तिलोत्तमा १७ को जग्गा विवाद :

# दूषित दर्ता मुद्दा दोहोऱ्याएर हेर्न सर्वोच्चको आदेश



बुटवल । रुपन्देहीको तिलोत्तमा १७ निवासी पारसनाथ यादवको नाममा लालपूर्जा प्राप्त घर जग्गा अर्कै व्यक्तिले आफ्नो नाममा बनाएपछि परेको मुद्दामा सर्वोच्च अदालतले मुद्दा दोहोऱ्याएर हेर्न आदेश दिएको छ ।

यादवले २० वर्षदेखि निरन्तर जोतभोग गर्दै आएको साढे ८ कठ्ठा जग्गालाई स्थानीय द्वारिका लोनियाले जालसांजीपूर्वक आफ्नो नाममा दुषित दर्ता गराएको भन्दै यादवले उच्च अदालत तुल्सीपुर बुटवल इजलासको फैसलाविरुद्ध सर्वोच्चमा निवेदन दिएका थिए ।

सो मुद्दामा सर्वोच्च अदालतका न्यायाधीश सुनिलकुमार पोखरेल र नित्यानन्द पाण्डेको संयुक्त इजलाशले पुनः सुनुवाइ (मुद्दा दोहोऱ्याई हेर्ने) अनुमति दिँदै मेलमिलापको प्रयास गर्न पनि निर्देशन गरेको छ । सर्वोच्चको यो आदेशले उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलामा कानुनी व्याख्यागत त्रुटि देखिएको प्रारम्भिक निष्कर्ष छ ।

निवेदक पक्षका तर्फबाट वरिष्ठ अधिवक्ता रामबल्भ शर्मा तथा अधिवक्ताहरू राम पुकार महतो र कृष्णप्रसाद पौडेलले बहस गरेका थिए ।

सर्वोच्चको आदेशमा प्रतिवादीले आफ्नो हक दर्ता श्रेस्ता र हाल साविक समेत गरी दर्ता श्रेस्ता प्राप्त गरेको भन्ने समेत देखिएको सन्दर्भमा वादी र प्रतिवादीको दर्ता स्रोत यकिन नगरी उच्च अदालत तुलसीपुर, बुटवल इजलास ले २०८१ चैत १२ गते गरेको फैसलामा मुलुकी देवानी संहिता, २०७४ को दफा २८६ र २९६ को प्रयोग तथा सर्वोच्च अदालतबाट पूर्व प्रतिपादित कानुनी सिद्धान्तको व्याख्यात्मक त्रुटि रहेको देखिएको भन्दै न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिएको छ ।

सर्वोच्च अदालतले दुवै पक्षलाई उपस्थित गराई दुई महिनाभित्र मेलमिलापको प्रयास गर्न समेत आदेश दिएको छ । मेलमिलाप हुन नसके कानुनबमोजिम मुद्दाको थप प्रक्रिया अघि बढाइने आदेशमा उल्लेख छ ।

सर्वोच्चको आदेशबाट आफूले न्याय पाउने आशा पलाएको निवेदक पारसनाथ यादवले बताए । लालपूर्जा पाइसकेको जग्गासँगै जोडिएर पक्की सडक बनेपछि केही जनप्रतिनिधि, छिमेकमा रहेको एक इट्टा उद्योगका सञ्चालक लगायतको मिलेमतोमा किर्ते सर्जमिन गरेर आफ्नो जग्गा द्वारिका लोनियाको नाममा बनाइएको दाबी गरे ।

सर्वोच्च अदालतले असार २२ गते आदेश दिएपछि पनि आदेशलाई लत्याउँदै प्रतिवादी लोनियाले आफ्नो खेतमा धान रोपाई गर्न थालेपछि यादवले अदालतको आदेश कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयसँग अपील गरेका छन् ।

# प्रधानमन्त्री र गृहमन्त्री गैरजिम्मेवार : रास्वपा सांसद



बुटवल । रास्वपाकी सांसद अफ्साना बानुले पार्टीका वरिष्ठ नेता बालेन शाह नेतृत्वको सरकारको गम्भीर कमजोरी औँल्याएकी छन् । प्रतिनिसभाको बैठकमा बोल्दै उनले जनताको समस्या सुन्नु सरकारको प्रथम जिम्मेवारी भएको बताइन् ।

उनले गृहमन्त्री सुधन गुरुङको सचिवालयमाथि प्रश्न उठाइन् । उनले भनिन्-'जनता वा मुलुकको शान्ति सुरक्षा कायम गर्ने जिम्मेवारी लिएको गृह मन्त्रालयसँग आफ्नो समस्या पोख्न सम्पर्क गर्दा, गृहमन्त्रीज्यूको स्वकीय सचिवले कुनै प्रतिक्रिया नदिने तथा फोन नउठाउने जस्ता गुनासाहरू तारन्तार निरन्तर आइरहेका छन् । जनताको समस्या सुन्नु सरकारको प्रथम जिम्मेवारी हो ।'

नागरिकलाई समस्या पर्दा सम्बन्धित निकाय वा मन्त्रालयबाट गैरजिम्मेवारीपूर्ण व्यवहार भएको उनले बताइन् ।

उनले जेन-जी आन्दोलनका विषयमा गम्भीरतापूर्वक मनन गरेर समाधानका निम्ति सहकार्य र पहल गरेकोप्रति पार्टी सभापति रवि लामिछानेलाई धन्यवाद दिइन् ।

उनले थपिन्-'उहाँको काम प्रशंसायोग्य छ । त्यसले युवाहरूमा राज्यप्रतिको भरोसा जगाउने काम गरेको छ ।'

# प्रधानमन्त्रीको पुत्ला दहन



बुटवल । रौतहटमा प्रधानमन्त्री बालेन्द्र शाहको पुत्ला दहन भएको छ । मौलापुर नगरपालिकामा संघीय सरकारले प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा नगरपालिका सञ्चालन नै ठप्प पारेको भन्दै स्थानीयले प्रधानमन्त्रीको पुत्ला दहन गरेका हुन् । शाह प्रधानमन्त्री भएपछि मौलापुरमा उनको पुत्ला दहन भएको यो पहिलो घटना हो ।

स्थानीयको आरोप छ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले महिनौँदेखि प्रमुख प्रशासकीय अधिकृत नपठाउँदा नगरपालिकाको बजेट कार्यान्वयन रोकिएको छ भने विकास निर्माणदेखि दैनिक सेवा प्रवाहसम्म प्रभावित भएको छ । यही विषयलाई लिएर प्रदर्शनमा उत्रिएका स्थानीयले प्रधानमन्त्री शाह र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलविरुद्ध चर्को नाराबाजी गरेका थिए ।

प्रदर्शनका क्रममा 'मौलापुरको बजेट फ्रिज गराउने बालेन सरकार मुर्दावाद','मौलापुरलाई हाकिमविहीन बनाउने मन्त्री प्रतिभा रावल मुर्दावाद', 'सम्मानित अदालतको आदेश कार्यान्वयन गर', 'मौलापुरमा तत्काल हाकिम पठाऊ' लगायतका नारा लगाइएको थियो ।

स्थानीयका अनुसार मन्त्रालयले सरुवा गरेर पठाएका प्रमुख प्रशासकीय अधिकृत सुरेशबाबु घिमिरे लामो समयदेखि कार्यस्थलमा अनुपस्थित छन् । उनलाई फिर्ता बोलाइए पनि अर्को अधिकृत नपठाउँदा नगरपालिका नेतृत्वविहीन अवस्थामा पुगेको छ । त्यसको प्रत्यक्ष असर बजेट खर्च, भुक्तानी प्रक्रिया र सेवा प्रवाहमा परेको उनीहरूको भनाइ छ ।

छ महिनादेखि तलब नपाएका नगर शिक्षकले यसअघि पेनडाउन आन्दोलन गरिसकेका छन् । बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गतका गर्भवती र सुत्केरी महिलाले पाउनुपर्ने सुविधा रोकिएको छ भने सरसफाइ कर्मचारीले समेत तलब नपाएपछि काम छाड्दा नगरको सरसफाइ व्यवस्था अस्तव्यस्त बनेको स्थानीय बताउँछन् ।

यसबिच सर्वोच्च अदालतले मौलापुर नगरपालिकाका निःशुल्क विद्युत् र खानेपानीलगायत जनमुखी कार्यक्रमको भुक्तानी नरोक्न अन्तरिम आदेश दिए पनि प्रमुख प्रशासकीय अधिकृतको अभावमा आदेश कार्यान्वयन हुन नसकेको दाबी गरिएको छ ।

मौलापुरकी नगरप्रमुख रिना साहले संघीय सरकारले नियतवश प्रमुख प्रशासकीय अधिकृत नपठाएर नगरपालिका नै बन्दी बनाएको आरोप लगाएकी छन् । बजेट कार्यान्वयनको संवेदनशील समयमा कर्मचारी रिक्त राखी बजेट फ्रिज गराउने षड्यन्त्र भएको उनको दाबी छ ।

यद्यपि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीयले लगाएका आरोपबारे सार्वजनिक प्रतिक्रिया दिएको छैन । यस्तो अवस्थामा मौलापुरको प्रशासनिक अन्योल कहिलेसम्म लम्बिने भन्ने प्रश्न झन् पेचिलो बन्दै गएको छ ।

# वैदेशिक रोजगार ठगीमा प्रहरीले मुद्दा चलाउन पाउने

बुटवल । अनुमति नलिइ वैदेशिक रोजगारीमा पठाएमा वा वैदेशिक रोजगार ठगी गरेमा जिल्लामै प्रहरीले अनुसन्धान गरेर जिल्ला अदालतमा अभियोजन दर्ताको प्रस्ताव गरिएको छ ।

युवा, श्रम तथा रोजगार मन्त्रालयले तयार पारेको वैदेशिक रोजगार ऐन, २०६४ संशोधन मस्यौदामा इजाजतपत्र नलिइ वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने वा व्यक्तिगत रूपमा वैदेशिक रोजगारमा पठाउने नाममा ठगी गर्ने घटनाको अनुसन्धान सम्बन्धित जिल्ला प्रहरी कार्यालयले गर्ने र मुद्दा सम्बन्धित जिल्ला अदालतमा दर्ता हुने व्यवस्था प्रस्ताव गरिएको हो ।

हाल यस्ता मुद्दामा प्रहरीले अनुसन्धान गरे पनि अभियोजन भने वैदेशिक रोजगार न्यायाधीकरणमा हुँदै आएको छ । न्यायाधीकरणको फैसलामाथि पुनरावेदनको अधिकार उच्च अदालत र सर्वोच्च अदालतमा रहने व्यवस्था छ । तर प्रस्तावित संशोधनमा यस्ता कसुरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ अन्तर्गत समावेश गरी अनुसन्धान जिल्ला प्रहरी कार्यालयबाट र अभियोजन जिल्ला सरकारी वकिल कार्यालयमार्फत् सम्बन्धित जिल्ला अदालतमा गर्ने व्यवस्था गर्न खोजिएको छ ।

सरकारले वैदेशिक रोजगार ठगीका मुद्दामा अनुसन्धान र अभियोजनको अधिकार जिल्लास्तरमै विस्तार गर्ने तयारीले विद्यमान न्याय प्रणालीको प्रभावकारिता र प्राथमिकतामाथि प्रश्न उठ्ने देखिएको छ । यो व्यवस्थाले वैदेशिक रोजगारसम्बन्धी विशेष अदालतको रूपमा रहेको न्यायाधीकरणको औचित्यमै प्रश्न खडा गर्न सक्ने अधिवक्ता सोम लुइँटेलको भनाइ छ ।

उनका अनुसार हाल वैदेशिक रोजगार विभागले अनुसन्धान गर्ने र वैदेशिक रोजगार न्यायाधीकरणले न्याय निरूपण गर्ने व्यवस्था रहेको अवस्थामा मुद्दालाई अनुसूची-१ अन्तर्गत राखेर प्रहरी र जिल्ला अदालतमा पठाउनु 'ब्याक टु द प्रहरी' मोडेलमा फर्किनु हो ।

उनले जिल्ला अदालतमा पुगेपछि वैदेशिक रोजगार ठगीका मुद्दाले पाउनुपर्ने प्राथमिकता र गम्भीरता समेत कमजोर हुन सक्ने तर्क गरे । साथै अहिले न्यायाधीकरणमार्फत छिटो टुंगिने प्रक्रिया जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत गरी तीन तहको पुनरावेदन प्रक्रियामा प्रवेश गर्दा न्याय सम्पादन थप लामो हुन सक्ने उनको भनाइ छ ।

वैदेशिक रोजगार ठगीका मुद्दामा अनुसन्धानको अधिकार प्रहरीलाई दिन सकिने भए पनि न्याय निरूपणको जिम्मेवारी भने विशेष संरचनामार्फत् नै कायम गर्नुपर्ने सुझाव दिएको उनको भनाइ छ । उनका अनुसार न्यायाधीकरणलाई प्रदेश वा क्षेत्रीय स्तरसम्म विस्तार गर्ने वा त्यो सम्भव नभए उच्च अदालतभित्र वैदेशिक रोजगारसम्बन्धी विशेष इजलास गठन गर्न सकिन्छ ।

उनले समस्या न्यायाधीकरणको संरचनामा नभई पहुँचमा रहेको उल्लेख गर्दै सेवाग्राहीको पहुँच अभिवृद्धि गर्ने उपाय खोज्नुपर्ने धारणा राखे ।

प्रस्तावित संशोधनमा इजाजतपत्र प्राप्त संस्थाबाहेक अन्य व्यक्ति वा संस्थाले वैदेशिक रोजगारमा पठाउने नाममा ठगी गरेमा सम्बन्धित जिल्ला प्रहरी कार्यालयले अनुसन्धान अघि बढाउने र जिल्ला सरकारी वकिल कार्यालयमार्फत् सम्बन्धित जिल्ला अदालतमा मुद्दा दर्ता गर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

हालको ऐनको दफा ४३ अनुसार इजाजतपत्र नलिइ वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने वा झुट्टा आश्वासन तथा प्रलोभन देखाई रकम उठाएर विदेश पठाउने कार्यमा संलग्न व्यक्तिलाई ३ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिबाना र ३ वर्षदेखि ७ वर्षसम्म कैद सजायको व्यवस्था छ । साथै पीडितबाट असुलिएको रकम र त्यसको ५० प्रतिशत बराबर रकम हर्जानाका रूपमा असुलउपर गर्ने कानुनी प्रावधान पनि छ ।

# निजामति कर्मचारीलाई कडा आचारसंहिता

बुटवल । सरकारले निजामती कर्मचारीहरूको कार्यशैलीलाई मर्यादित र अनुशासित बनाउन आचारसंहिता जारी गरेको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालै जारी गरेको आचारसंहिताले कर्मचारीलाई कार्यालय समयमा सामाजिक सञ्जालको प्रयोग, व्यक्तिगत आचरण र सेवाग्राहीसँगको व्यवहारमा कडा सीमाहरू तोकेको छ ।

सरकारी कार्यालयमै टिकटक बनाउने र भिडियो खिचेर सामाजिक सञ्जालमा राख्न निषेध गरिएको छ । कार्यालय समयमा वा कार्यालयको पोसाक लगाएको अवस्थामा फेसबुक, टिकटक वा अन्य सामाजिक सञ्जालका लागि फोटो वा भिडियो खिच्न र सार्वजनिक गर्न पाइने छैन ।

फेसबुक, ट्वीटरलगायतका सामाजिक सञ्जालमा सरकारको नीति वा निर्णयको आलोचना गर्न, अपमानजनक टिप्पणी गर्न वा जनतामा भ्रम र अविश्वास पैदा हुने सामग्री पोस्ट वा सेयर गर्न निषेध गरिएको छ ।

अनलाइन समाचार वा सामाजिक सञ्जालका पोस्टमा कुनै पनि निकायका पदाधिकारीलाई आँच पुग्ने गरी व्यङ्ग्य वा नकारात्मक टिप्पणी गर्न रोक लगाइएको छ ।

कर्मचारीको नैतिक आचरण सुधार्न आचारसंहिताले व्यक्तिगत जीवनका केही पक्षलाई पनि समेटेको छ । कार्यालय वा सार्वजनिक स्थलमा मदिरा सेवन गर्न, जुवातास खेल्न, धूमपान गर्न वा कुनै पनि अमर्यादित कार्य गर्न निषेध गरिएको छ ।

मन्त्रालयको पूर्व स्वीकृतिविना कुनै पनि व्यक्ति वा संस्थाबाट उपहार, दान वा आतिथ्यता स्वीकार गर्न नपाइने, सेवाग्राहीसँग कार्यालय बाहिर भेटघाट गर्न र कुनै पनि एजेन्ट वा बिचौलियासँग सम्पर्क गर्न पाइने छैन ।

कार्यालयमा रहँदा तोकिएको पोसाक र परिचयपत्र अनिवार्य लगाउनुपर्ने, कार्यालय समयमा बाहिर जानुपर्दा प्रमुखको अनुमति लिएर 'लगबुक' भरेर निस्कनुपर्ने पनि आचारसंहितामा उल्लेख छ ।

अधिकार प्राप्त अधिकारीको आदेशविना सरकारी कागजपत्र वा गोप्य सूचना कसैलाई दिन वा सार्वजनिक गर्न पाइने छैन ।

आचारसंहिता पालना भए/नभएको बारे मन्त्रालयको सचिव वा तोकिएको अधिकारीले नियमित अनुगमन गर्ने र उल्लंघन गर्ने कारबाहीको भागीदार बन्नुपर्ने मन्त्रालयले जनाएको छ ।

## टरिगाउँ विमानस्थलः

# नियमित उडान नहुँदा इन्धन डिपो समस्यामा




तुलसीपुर (दाङ) । जिल्लाको टरिगाउँ विमानस्थलमा नियमित हवाई सेवा सञ्चालन नहुँदा इन्धन डिपो समस्यमा परेको छ । विमानस्थलमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरेकामा नियमित हवाई उडान नहुँदा डिपो सञ्चालनमा समस्या भएको हो ।

कार्यालयका लेखा अधिकृत कैलाश देवकोटाका अनुसार गत बैशाखमा एक हजार लिटर मात्रै इन्धन बिक्री भएको थियो भने जेठमा ६६० लिटर र असारको अहिलेसम्म ८३४ लिटर इन्धन बिक्री भएको छ । आर्थिक वर्ष २०८१/८२ मा १७ हजार ९०९ लिटर बिक्री भएको थियो । चालु आवमा ३४ हजार ३४ लिटर बिक्री भएको जनाउँदै उनले मासिक बिक्रीदर दुई हजार ८४६ लिटर रहेको बताए ।

नियमित उडान भएमा इन्धन बिक्री दर बढ्ने हुँदा डिपोको आम्दानी हुने बताउँदै लेखा अधिकृत देवकोटाले भने-"सातामा चार दिन जहाज आउने भनिए पनि कहिल्यै दुई दिन मात्रै आउने, कुनै साता नआउने समस्या छ ।" उनका अनुसार हाल इन्धनको मूल्य प्रतिलिटर रु २६९ पर्दछ ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com